# जयप्रकाश मल्लको घोडा

—*सूर्यविक्रम ज्ञवाली*

हाल 'हिस्ट्री अफ् नेपाल' नामक यौटा पुस्तक श्री विक्रमजित् हसरतका सम्पादकत्वमा भारतमा प्रकाशित भएको छ । त्यसमा नेपालका प्रसिद्ध ब्रिटिश राजदूत बी. एच. हाजसनद्वारा उनी यहां छंदा (रेजिडेंट १८३३–१८४३ ई.) संग्रह गरिएका वंशावलीहरू तथा नेपालस्थित ब्रिटिश राजदूतावाससित सम्बद्ध अनेक अंग्रेजहरूका समसामयिक विवरणहरू पनि छापिएका छन् । यसैले यो पुस्तक महत्वपूर्ण छ ।

त्यसमा प्रकाशित काठमाडौंका अन्तिम राजा जयप्रकाश मल्लसम्बन्धी वंशावली पढ्दा जयप्रकाश मल्लका प्रचलित नाउंभन्दा बेग्लै नाउं त्यसमा भए जस्तो मलाई लाग्यो र त्यस नाउंका सम्बन्धमा विचार गर्दा आफ्ना मनमा लागेका केही कुरा यहां लेख्दै छु ।

जयप्रकाश मल्लका भारदारहरूले उनका शिशु छोरा ज्योतिप्रकाश मल्ललाई अघि सारी तथा उनलाई राजा घोषित गरी जयप्रकाश मल्ललाई सिंहासनबाट च्युत गरिदिएका थिए (१७४६ ई.) । यसका केही वर्षसम्म जयप्रकाश मल्लले भगोडाको जीवन व्यतीत गर्नुपरेको थियो । यस अवधिपछि बल्ल उनी केही बलसंचय गर्न समर्थ भए । एक दिन उनी गुह्येश्वरीमा गई उहां पूजा गरी आफ्ना अनुयायीहरूको नेतृत्व गरी आफ्ना विपक्षे भारदारहरूसंग साटो फेर्न हिंडेका थिए । त्यस वेला भगवतीका पूजाद्वारा पूत खड्ग हातमा लिएर उनी आफ्नो खोरासानी नामक प्रिय घोडामा चढेका थिए भन्ने कुरा भाषा वंशावलीहरूमा लेखिएको प्रायः देखिएको छ ।

यही कुराको वर्ण उपर्युक्त नेपालको इतिहासमा प्रकाशित वंशावलीमा पनि छ । तर यसमा जयप्रकाश मल्लले चढेका घोडाको नाम बेग्लै छ, तर त्यो केही विकृत रूपमा छ । त्यसमा अंग्रेजीमा पुरसनी Purasani लेखिएको छ ★ ।

नेपालीहरूका पछिका लेखापढीमा पनि भारतीय स्थानहरूको प्राचीन नाम प्रयोग गरिएको देखिएको छ । उदाहरणका निमित्त पश्चिम विजेता अमरसिंह थापाले कांगडाको प्राचीन नाम त्रिगर्तको प्रयोग गरेको कुरा उपस्थित गर्न सकिन्छ ✽ । यस कारणले जयप्रकाश मल्लका पालामा प्राचीन भारतीय नामको प्रयोग आश्चर्यको कुरा छैन ।

अब यस दृष्टिले पुरसनी नामको केही विचार गर्नुपर्छ । वैदिक कालमा पंजाबका उत्तरमा बग्ने आधुनिक रावी नदीको नाम परुष्णी थियो तथा यसलाई इरावती पनि भन्थे । परुष्णी तथा विपाश (आधुनिक व्यास)का माझमा कांगडाको स्थिति छ तथा यसका केही पूर्व कुल्लुको उपत्यका पर्छ । आधुनिक समयमा पनि कुल्लु तथा वरपरका क्षेत्रमा उत्तरको भोट सीमाका मानिस आउंछन् तथा ती ठाउंमा घोडाको व्यापार हुन्छ । काठियाबादको घोडा कठियावाद वा काठियाबादी भनिन्छ । उस्तै जयप्रकाश मल्लको घोडा परुष्णी बग्ने इलाकाको हुनाले त्यसको नाउं परुष्णी राखिनु नमिल्ने कुरा छैन तथा सार्नेका असावधानीले 'परुष्णी' 'पुरसनी' हुनु असम्भव छैन ।

घोडाको नाउं कहिले सो हुने देशबाट राखिन्छ, कहिले सो हुने ठाउंमा बग्ने नदीलाई लक्ष्य गरी राखिन्छ । अौ कहिले घोडा हुने देशका प्रसिद्ध राजाका नाउंबाट पनि राखिन्छ । प्रसिद्ध नेपाली विद्वान् स्वर्गीय पण्डित कुलचन्द्र गौतमले गोस्वामी तुलसीदासकृत रामायणको नेपाली टीका लेख्नुभएको छ । त्यसमा बालकाण्डको यौटा चौपाईका सन्दर्भमा उहाँले पादटिप्पणीमा अनेक प्रकारका घोडाका नाम लेख्नुभएको छ ☞ । तीमध्ये

★ हिस्ट्री अफ् नेपाल— विक्रमजित् हसरत **पृष्ठ ८७**

✽ अमरसिंह थापा तथा रणजित् सिंहले चंबाका राजालाई लेखेको पत्र । मेरो 'अमरसिंह थापा' पृष्ठ ३४

☞ श्री गोस्वामी तुलसीदास कृत रामायण पण्डित कुलचद्र निर्मित भावबोधिनी टीकासहित द्वितीय संस्करण —पृष्ठ ३७३

DS 49 78 no



केही नामको विचार गर्दा माथि मैले भनेका कुराको प्रमाण पाइन्छ । तिनमा देशका आधारमा नाम रहेको काठियाबाद घोडा छ । यस सूचिमा दोआबा नाम भएका घोडाको उल्लेख छ । दोआबा भनेको दुई नदीका माझको भूमि हो । यस नामको सङ्केत नदीतिर छ । यसै गरी उहाँले मलयबंब नामको घोडाको उल्लेख गर्नुभएको छ । मलयबंब घोडा भनेको जुमली घोडा हो भन्ने अनुमान छ तथा यसको नाउं किन मलयबंब भयो यस कुराको पनि अलिकता विचार गर्नु अनुचित नहोला। रासकोटी राजा मलयबमले १३७८ ई. मा रेका साँघु बनाएका थिए । तिनै ताक सिंजाका मल्लहरूको राज्य यिनैद्वारा समाप्त गरिएको थियो । मलय बमका भाइ वा छोरा मेदिनी वर्मा १३७३ ई. मा सिजाका मल्ल-हरूका सिंहासनमा बसेका थिए । चौधौं शताब्दीको अन्त्य भएपछि वहां मेदिनी वर्मा तथा कल्याल वंशका बलिराजको संयुक्त शासन स्थापित भएको थियो तथा यिनै कल्याल वंशका राजाका सन्तानहरूले १७८९ ई. सम्म अर्थात् जुमला नेपाल अधिराज्यमा संमिलित नभएसम्म जुमलामा राज्य गरे । दैलेख तथा अरू अनेक ठाउंमा मल्लहरूको पतनपछि रासकोटी मलय बर्माका छोराहरू राज भएका थिए । रासकोटीहरूलाई कल्यालको आधिपत्य आरम्भमा स्वीकार गर्न केही गाहारो नपर्नु स्वाभाविक छ किनभने रासकोटी मेदिनी वर्माको कल्याल बलिराज-संग केही प्रकारको वैवाहिक सम्बन्ध स्थापित भएको बुझिन्छ । जुमलातिरका वंशावलीहरूमा मलय वर्माको ठूला विजयी भन्ने प्रशंसा पाइन्छ तथा यिनैका नामबाट विदेशमा समेत जुमली घोडा मलयबंब घोडा कहलाएको कुरा बडो रोचक छ । अद्यावधि जुमली घोडा दाङ ल्याइन्छन् अौ भारतीय व्यापारी तिनलाई किन्छन् । मलयबंब तथा 'बम' वर्माको विकृत रूप हो भन्ने कुरा स्पष्ट छ।

पृथ्वीनारायण शाह नुवाकोट विजय गरी उहाँ बसेका वेलामा कहलूर (विलासपुरपश्चिम हिमालय) का रघुनाथ भाट आई स्वरचित कविता पाठ गरी उनको अभ्यर्थना गरे भन्ने कुरा हाम्रा वंशावलीहरूमा पाइन्छ ।

यस सम्बन्धमा मलाई लागेको यौटा अर्को कुरा लेख्छु । मल्ल राजा तथा पछिका हाम्रा भारदारहरूका अनेक तेलचित्र वा पानीरंगका चित्रहरू पाइएका छन्। ती चित्रको बनोट वा ढांचा काँगडा वा त्यतैतिरका पहाडी चित्रकारहरूको भए जस्तो लाग्छ तथा यस्ता डुलुवा चित्रकारहरूलाई मल्लकाल वा पछि पनि स्थानीय सम्भ्रान्त वर्गले संरक्षणत्व प्रदान गरेका कुराको अनुमान हुन्छ । भीमसेन थापाको साथमा घडी राखी बनाइएको पानीरंगको एउटा चित्र धेरैअघि बनारसका एक जना घरानियाँ चित्रकारका सन्तानहरूसित देखेका कुरोको मलाई स्मरण छ ।

उपर्युक्त कारण तथा कुराहरूको विचार गर्दा जय-प्रकाश मल्लका घोडाको नाम परुण्णी हुनु सम्भव छ । अफगानिस्तानका पश्चिममा स्थित सुदूर खोरासनको घोडाभन्दा पश्चिम हिमालयको घोडा तिनताक नेपाल आउनु अधिक सम्भव छ । खोरासन नामको हिन्दी भाषामा प्रचार हुने कारण अनेक थिए । यो नाम भारतमा प्रचलित भएको हुनाले हाम्रा वंशावलीकारहरूले पनि यसको उपयोग गरेका होलान् ।

**

---

ꩲ इतिहास प्रकाश योगी नरहरिनाथ–अंक १ पृष्ठ १८